करैयामाई गाउँपालिका

# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ४ मितिः २०८२/०८/२४

भाग - २

# गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालन कार्यविधि,२०८२

# गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालन कार्यविधि,२०८२

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८२/०८/२२ गते

## प्रस्तावनाः

यस करैयामाई गाउँपालिका क्षेत्रभित्रका गरिब, विपन्न, असहाय विभिन्न लक्षित वर्ग लागायत समूहका त्यसमा रहेको दहेज प्रथा उन्मूलन गर्न सामुहिक विवाह लगायतका कार्यक्रमहरु संचालन गरी ती जनताको आर्थिक, सामाजिक रुपान्तरण गर्न एवं राष्ट्रिय जिवनको रुपमा प्रवाहीकरणमा ल्याउन वाञ्छनीय भएको स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ उपदफा ४(२) बमोजिम **गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालन कार्यविधि,२०८२** तयार गरि लागु गरिएको छ।

## उद्देश्यः

(क)गाउँपालिका क्षेत्रभित्रका आर्थिक, सामाजिक रुपले पछाडी परेका वर्ग, सामुदायको पहिचान गर्नु।

(ख)समाजमा व्याप्त रहेको दहेज प्रथालाई न्यूनीकरण गर्नु।

(ग)पहिचान भएका वर्ग, सामुदायका जनताको जिवनस्तरमा ल्याई गरिवी निवारणका लागि भावी रणनीतिहरु तयार गर्नु।

(घ)कार्यक्रम संचालन हुने स्थान किटान गर्नु।

(ङ)कार्यक्रम संचालनमा पारदर्शिता तथा एकरुपता कायम गर्नु।

# परिच्छेद — १

# प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भः

(१)**संक्षिप्त नामः** यस कार्यविधिको नाम **"गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालन कार्यविधि,२०८२"** रहनेछ।

(२)यो कार्यविधि करैयामाई गाउँपालिका भरी लागु हुनेछ।

(३)यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)"कन्यादन"** भन्नाले समाजमा प्रचलनमा रहेका विभिन्न धार्मिक समूहमा हुने विवाहका विधि र प्रक्रियालाई सम्झनुपर्छ।

**(ख)"सामुहिक विवाह"** भन्नाले यस गाउँपालिकाबाट तोकिएको मिति, समय र स्थानमा हुने सामुहिक विवाह कार्यक्रमलाई सम्झनुपर्छ।

**(ग)"संचालक समिति"** भन्नाले दफा ५ बमोजिम गठित भएको समितिलाई सम्झनुपर्छ।

**(घ)"प्रमाण पत्र"** भन्नाले बमोजिम सामुहिक विवाहका कार्यक्रम मार्फत विवाह दम्पतिलाई प्रदान हुने प्रमाण पत्र सम्झनुपर्छ।

**(ङ)"जारी गर्ने अधिकारी"** भन्नाले सम्पन्न भएको विवाहको प्रमाण पत्र जारी गर्ने पदाधिकारी सम्झनुपर्छ। सो कार्य गाउँपालिका अध्यक्षले गर्नेछ।

(च)**"सूचना"** भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिम जारी भएको सूचनालाई सम्झनुपर्छ।

(छ)**"उपहार"** भन्नाले दफा ५ बमोजिम गठित संचालक समितिले निर्धारण गरेको विवाहित दम्पतिलाई प्रदान गर्ने उपहार सम्झनु पर्छ।

(ज)**"कार्यविधि"** भन्नाले करैयामाई गाउँपालिकाको गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालन कार्यविधि,२०८२ लाई सम्झनुपर्छ।

(झ)**"कार्यालय"** भन्नाले करैयामाई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ञ)**"गाउँपालिका"** भन्नाले करैयामाई गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद — २
## कार्यक्रम संचालन हुने क्षेत्र र बजेटको व्यवस्था

३. **कार्यक्रम संचालन हुन लक्षित वर्गः** न्यून आयस्तर भएका गरिब, विपन्न, असहाय परिवारका विवाह योग्य व्यक्तिहरुको लागि यो कार्यक्रम संचालन गरिनेछ। साथै अनाथ, टुहुरो, केटाकेटी समेतका लागि यो कार्यक्रम संचालन गरिनेछ।

४. **बजेट व्यवस्थापनः** यस कार्यविधिको लक्ष्यलाई पूरा गर्न गाउँ सभाद्धारा बजेट व्यवस्थापन गर्न सकिनेछ।

# परिच्छेद — ३
## कार्यक्रम संचालन तथा व्यवस्थापन

**५. संचालक समिति गठनः** यस कार्यक्रमलाई कार्यान्वयनमा गर्नका लागि एक संचालक समिति देहाय बमोजिम रहने छनः

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक – सदस्य

(ङ) अध्यक्षले तोकेको कार्यपालिका सदस्यहरु मध्ये १ जना – सदस्य

(च) लक्षित वर्गको हकहितका लागि पालिका भित्रका सक्रिय रहेको संघ/संस्थाहरुको प्रतिनिध – सदस्य

(छ) जिन्सी तथा सम्पत्ति व्यवस्थापन शाखा प्रमुख – सदस्य

(ज) सामाजिक विकास शाखा प्रमुख – सदस्य सचिव

**६. संचालक समितिका काम, कर्तव्य र अधिकारः**

संचालक समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) यस कार्यक्रमसँग सम्बन्धित लक्षित वर्गको पहिचान गर्ने।

(ख) सामुहिक विवाह कार्यक्रमको लागि उचित समय निर्धारण गरी सो को अनुसूची(१) को वर्गहरुको सार्वजनिक सूचना अनुसूची(१) बमोजिम सूचना जारी गर्न निर्णय गर्ने।

(ग) कन्यादानका प्रक्रियाका लागि पूर्व तयारी गर्ने/गर्न लगाउने।

(घ) नव विवाहित दम्पतिलाई दिईने उपहार सम्बन्धी निर्णय गर्ने।

(ङ) खण्ड(ख) बमोजिम यस कार्यालयमा दर्ता भएका दरखास्त उपर जाँच बुझ गर्ने तथा सो पश्चात कन्यादन/विवाह कार्यक्रमको मिति, समय र स्थान तोक्ने।

(च) कन्यादान तथा सामुहिक विवाह कार्यक्रम सम्पन्न भए पश्चात अनुसूची-४ बमोजिमको प्रमाणपत्र प्रमाणपत्र जारी गर्ने अधिकारीले दरखास्त गरी विवाहित दम्पतिलाई प्रदान गर्ने। सो प्रयोजनको लागि समितिले निर्णय भएको हुनुपर्ने।

(छ) सामुहिक विवाह कार्यक्रमका लागि यस समितिले उपयुक्त तोकेका अन्य कार्यहरु गर्ने।

**७. कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन प्रक्रियाः** यस कार्यक्रमलाई देहाय बमोजिम कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ।

(क) सभाबाट बजेट पारित भए पश्चात संचालक समिति गठन गरिनेछ।

(ख) संचालक समितिले सामुहिक विवाह कार्यक्रमको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गर्नुपर्नेछ सो सूचना प्रमाण पत्र जारी गर्ने अधिकारीले गर्नेछ।

(ग) संचालक समितिले सूचना जारी पश्चात विवाहित दम्पतिलाई प्रदान गरिने उपहार सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(घ) सूचनाको म्यादभित्र कार्यालयमा दर्ता हुन आएका दरखास्तहरु उपर संचालक समितिले जाँचबुझ गरी विवाह योग्य जोडीहरुको नामावली अनुसूची-३ बमोजिम प्रकाशन गर्नुपर्नेछ।

(ङ) सामुहिक विवाह कार्यक्रममा सहभागी वर वधु दबै पक्षका जन्तीका लागि २०/२० को संख्यामा खानाको कुपन उपलब्ध गराइनेछ।

(च) कन्यादानको कार्य गाउँपालिका अध्यक्षले गर्नुपर्नेछ।

(छ) यस कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सामग्रीहरुको खरिद लगायतको आर्थिक कारोबार प्रचलित नियम बमोजिम गर्नुपर्नेछ।

(ज) यस कार्यक्रममा सहजीकरण तथा समन्वयीकरणका लागि संचालक समितिले अन्य निकायको सहयोग लिन सक्नेछ।

## परिच्छेद — ४

## विविध

**८. अनुगमन तथा प्रतिवेदन सम्बन्धमा।**

(क) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिकाबाट अनुगमन गरिनेछ।

(ख) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन संचालक समिति मार्फत गाउँ कार्यपालिकामा पेश गरिनेछ।

९. **संशोधन तथा परिमार्जन सम्बन्धमाः** यस कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

१०. **खारेजी तथा बचाउः** यो कार्यविधि बन्नु भन्दा पहिले कन्यादान तथा सामुहिक विवाह सम्बन्धि गरिएका कार्यहरु यसै कार्यविधि अन्तर्गत भएको मानिनेछ। यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ।

# अनुसूची - १

## गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

### प्रथम पटक प्रकाशित सूचनाः मिति

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिकाको ........औं गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम संचालनक समितिको मिति ...................... गतेको निर्णयानुसार मिति .................**गते ......... बार**का दिन यस पालिकाद्धारा असहाय/ गरिब/ दलित समुदायको लागि तपसिल बमोजिम व्यवस्थापन हुने गरी सामुहिक विवाह कार्यक्रम आयोजना गरिने भएको हुँदा इच्छुक व्यक्ति/अभिभावकले मिति ............... गते भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नु हुन अनुरोध छ।

<u>तपसिल</u>

१. हरेक विवाह गर्ने जोडीलाई बैदिक परम्पराको विधिविधान अनुसार विवाह सम्पन्न गरिनेछ।
२. बेहुला बेहुलीको लत्ता कपडा तथा आवश्यक अन्य सामग्रीहरुको व्यवस्था गाउँपालिकाको तर्फबाट हुनेछ।
३. विवाह कार्यक्रमका क्रममा सम्पूर्ण व्यवस्थापन गाउँपालिकाले गर्नेछ।
४. विवाह कार्यक्रममा बेहुला/बेहुलीको तर्फबाट बढीमा २०-२० जनामात्र सहभागी हुनु पर्नेछ।
५. विवाह हुने बेहुला/बेहुली मध्ये बेहुली अनिवार्य रुपमा यस गाउँपालिकाको बासिन्दा हुनु पर्नेछ।
६. विवाह हुने बेहुला/बेहुलीको उमेर हद २० वर्ष पुगेको हुनु पर्नेछ।
७. विवाह हुने बेहुला/बेहुलीको नागरिकता वा जन्मदर्ता र अभिभावकको नागरिकताको प्रतिलिपि सहित पेश गर्नु पर्नेछ।

अनुसूची- २

## गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम मार्फत वैवाहिक सम्बन्ध कायम गर्न ईच्छुक पक्षहरुले कार्यालयमा पठाउने निवेदनको ढाँचा

मितिः

श्रीमान् संयोजक ज्यू,
संचालक समिति,
गाउँपालिका अध्यक्ष कन्यादन तथा सामुहिक विवाह कार्यक्रम,
करैयामाई गाउँपालिका, बारा।

विषयः सहभागिता सम्बन्धमा।

उपरोक्त सम्बन्धमा ताहाँ कार्यालयबाट मिति ............................ प्रकाशित सूचना बमोजिम म निवेदक ................................................ ताहाँबाट मिति ........................... गते आयोजना हुने सामुहिक विवाह कार्यक्रममा सहभागी भई जिल्ला...................... गा.पा./न.पा................................ बस्ने वर्ष ........को ................................ सँग वैवाहिक सम्बन्धमा कायम गर्न ईच्छुक रहेको हुँदा श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु।

<u>संलग्न कागजातहरुः</u>

- पासपोर्ट साईजको फोटो - २ प्रति
- नागरिकताको प्रतिलिपि-१ प्रति
- जन्मदर्ता प्रमाणपत्र - १ प्रति

निवेदकको नामः
उमेरः
सहीः
अभिभावक/संरक्षकको नामः
सहीः

# अनुसूची - ३

**गाउँपालिका अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम,२०८२ मिति.............................. गते आयोजना हुने सामुहिक विवाह कार्यक्रममा सामेल हुने विवाह योग्य पक्षहरुको सूची**

| वर पक्ष | बधु पक्ष |
|---|---|
| (१) | (१) |
| (२) | (२) |
| (३) | (३) |
| (४) | (४) |
| (५) | (५) |
| (६) | (६) |
| (७) | (७) |
| (८) | (८) |
| (९) | (९) |
| (१०) | (१०) |
| (११) | (११) |
| (१२) | (१२) |
| (१३) | (१३) |
| (१४) | (१४) |
| (१५) | (१५) |
| (१६) | (१६) |
| (१७) | (१७) |
| (१८) | (१८) |
| (१९) | (१९) |
| (२०) | (२०) |

...................

**संयोजक**

**(संचालक समिति)**

**(गा.पा. अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम)**



करैयामाई गाउँपालिका

अनुसूची - ४

## गाउँपालिका अध्यक्ष कन्यादन तथा सामुहिक विवाह कार्यक्रम
## करैयामाई गाउँपालिका, बारा

# विवाह प्रमाणपत्र

| फोटो | फोटो |
|---|---|

............. जिल्ला ............. गा.पा./न.पा. ............ बस्ने ....................... का नातीनी ............. को छोरा वर्ष ...... की ..................... तथा ............. जिल्ला ............. गा.पा./न.पा. ............ बस्ने ....................... का नाती ............. को छोरा वर्ष ...... की ..................... बीच यस कार्यक्रम मार्फत आयोजित मिति ................ गतेका सामुहिक विवाह कार्यक्रमबाट आज .................. का मिति देखि **पति-पत्नी**को रुपमा एक अर्कालाई स्वीकार गरेकोले निजहरुलाई यो प्रमाणपत्र दिइएको छ।

वधुः वरः

सहीः सहीः

....................

**संयोजक**

**(संचालक समिति)**

**(गा.पा. अध्यक्ष कन्यादान तथा सामुहिक विवाह कार्यक्रम)**

**प्रमाणित गर्ने**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८२/०८/२४

प्रमाणित कानुन पाना(पेज) संख्याः ११(एघार)मात्र अनुसूची सहित

**आज्ञाले**

नागेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत



करैयामाई गाउँपालिका